श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. ३५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

लोक सेवा आयोगका सदस्यहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधासम्बन्धी ऐन, २०२६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना:– लोक सेवा आयोगका सदस्यहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधासम्बन्धी ऐन, २०२६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो ऐनको नाम "लोक सेवा आयोगका सदस्यहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधासम्बन्धी (पहिलो संशोधन) ऐन, २०३३" रहेको छ ।

(२) यो ऐनको दफा ३ र ४, २०३२ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ र अरू दफाहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. लोक सेवा आयोगका सदस्यहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधासम्बन्धी ऐन, २०२६ को दफा ४ मा संशोधन: लोक सेवा आयोगका सदस्यहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधासम्बन्धी ऐन, २०२६ (यसपछि "मूल ऐन" भनिएको) को दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"४. सवारी तथा घर भाडाको सुविधा: (१) अध्यक्षलाई सवारीको निमित्त ड्राइभरसहितको सरकारी मोटरको सुविधा दिइनेछ ।

(२) आयोग अवस्थित भएको ठाउँमा निजी घर नहुने अध्यक्ष वा सदस्यले बसोबासको निमित्त गैर सरकारी घर बहालमा लिएमा अध्यक्षको निमित्त प्रतिमास तीन सय रूपैयाँमा र सदस्यहरूको निमित्त प्रतिमास दुई सय पचास रूपैयाँमा नबढ्ने गरी बहालको रकम श्री ५ को सरकारले व्यहोर्नेछ ।

(३) अध्यक्ष वा सदस्यलाई सो पदमा बहाल रहेसम्मको लागि निजको आवासको एक सेट टेलिफोन राख्न जडान खर्च र धरौटी बापत लाग्ने न्यूनतम रकमको सुविधा दिइनेछ । टेलिफोनको अनिवार्य शुल्क बापत प्रतिमास निर्धारित शुल्कको पचहत्तर प्रतिशत श्री ५ को सरकारले व्यहोर्नेछ ।

३. मूल ऐनको दफा ६ मा संशोधन: मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ:—

"६. निवृत्तभरण र उपदान: (१) कुनै व्यक्ति अध्यक्ष वा सदस्यको पदमा नियुक्ति भई सो पदबाट अवकाश प्राप्त गरेपछि निजले देहायबमोजिम निवृत्तभरण वा उपदान पाउनेछ :—

(क) अध्यक्ष वा सदस्य पदमा वा दुबै पदमा गरी दश वर्ष सेवा अवधि पूरा गरिसकेको भए आठ सय रुपैयाँ मासिक निवृत्तभरण,

(ख) अध्यक्ष वा सदस्य पदमा वा दुबै पदमा गरी दश वर्षको सेवा अवधि पूरा गरिसकेको रहेनछ भने पूरा गरेको जम्मा वर्ष संख्यालाई निजले पाइआएको डेढ महीनाको पारिश्रमिकको अङ्कले गुणन गर्दा हुन आउने अङ्क बराबरको एक मुष्ठ रकमको उपदान ।

(२) श्री ५ को सरकारको सेवामा बहाल रहेको वा बहाल गरिसकेको कुनै व्यक्ति अध्यक्ष वा सदस्यको पदमा नियुक्ति भै निजले सो पदबाट अवकाश प्राप्त गरे पछि देहायबमोजिमको निवृत्तभरण वा उपदान पाउनेछ:—

(क) अध्यक्ष वा सदस्यको पदमा रही काम गरेको अवधिमा श्री ५ को सरकारको सेवामा गरेको कुल सेवा अवधिलाई आधा गरी हुन आउने अवधि जोड्दा दश वर्ष पुग्ने भए आठ सय रूपैयाँ मासिक निवृत्तभरण,

(ख) खण्ड (क) बमोजिम हिसाब गर्दा दश वर्ष पूरा नहुने रहेछ भने जति वर्ष पूरा भएको छ सो पूरा गरेको वर्ष संख्यालाई निजले पाइआएको डेढ महीनाको पारिश्रमिकको अङ्कले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गुणन गर्दा हुन आउने अङ्क बराबरको एक मुष्ठ रकमको उपदान।

तर, अघि श्री ५ को सरकारको सेवा गरे बापत निबृत्तभरण पाइरहेको व्यक्तिले अध्यक्ष वा सदस्यको पदमा सेवा गरे बापत यस खण्डबमोजिमको उपदान पाउनेछैन।

(३) श्री ५ को सरकारको सेवा गरे बापत उपदान लिइसकेको कुनै व्यक्ति अध्यक्ष वा सदस्य पदमा नियुक्ति भएमा निजले त्यसरी नियुक्ति भएको एक वर्षभित्र आफूले अघि पाएको उपदानको पूरा रकम श्री ५ को सरकारलाई फिर्ता गरेमा मात्र निजको श्री ५ को सरकारमा गरेको सेवा अवधि उप-दफा ( ) बमोजिम जोडिनेछ।

(४) यस दफाबमोजिम पाउने उपदानको रकम पच्चीस हजार रूपैयाँभन्दा बढी हुने छैन।

(५) श्री ५ को सरकारबाट निबृत्तभरण पाइराखेको कुनै व्यक्ति अध्यक्ष वा सदस्य नियुक्ति भई यस ऐनबमोजिम पनि निबृत्तभरण पाउन सक्ने भएमा निजले अघि पाइरहेको निबृत्तभरण र यस ऐनबमोजिम पाउने निबृत्तभरणमध्ये कुनै एक रोज्न सक्नेछ।"

४. मूल ऐनमा दफा ६ क. थप : मूल ऐनको दफा ६ पछि देहायको दफा ६ क. थपिएको छः–

"६क. पारिवारिक निबृत्तभरण र उपदान : (१) देहायका अवस्थामा देहायको अवधिसम्मको लागि सदस्यले आफ्नो परिवारको सदस्यहरूमध्ये इच्छाएको व्यक्तिलाई र त्यस्तो इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा कसैलाई पनि नइच्छाएकोमा निजको परिवारको सदस्यमध्ये नजिकको हकदारलाई दफा ६ को उप–दफा (१) वा (२) बमोजिमको निबृत्तभरण दिइनेछः–

(क) सदस्य पदमा बहाल छँदै मृत्यु भएमा मृत्यु भएदेखि सात वर्षसम्म

(ख) निबृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा सात वर्ष नपुगेको बाँकी अवधिसम्म।

(२) आफ्नो पदमा बहाल छँदै अध्यक्ष वा सदस्यको मृत्यु भएमा दफा ६ को उप–दफा (१) वा (२) बमोजिम निबृत्तभरण पाउने नभई उपदानसम्म पाउने रहेछ भने सो उपदानको रकम निजको परिवारको सदस्यमध्ये उप–दफा (१) बमोजिमको व्यक्तिले पाउनेछ।"

५. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को उप–दफा (४) को सट्टा देहायको उप–दफा (४) राखिएको छः–

"(४) अध्यक्ष वा सदस्यले प्रत्येक साल पन्ध्र दिनका दरले पारिश्रमिकसहितको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बिरामी बिदा पाउन सक्नेछ। त्यस्तो बिरामी बिदा नलिएको संचित हुँदै जानेछ र कुनै ठूलो र कडा रोग लागी स्वीकृत चिकित्सकको प्रमाण-पत्र पेश गरेमा बिरामी बिदा बाँकी नभए दुई महीनासम्म पारिश्रमिक सहितको र त्यस्तो पारिश्रमिकको थप बिरामी बिदा लिई सकेपछि एक पटकमा थप चार महीनासम्म कुल पदावधि भरमा जम्मा बाह्र महीनामा नबढ्ने गरी बिना पारिश्रमिकको बिरामी बिदा पाउन सक्नेछ ।

तर त्यसरी पारिश्रमिक सहितको थप बिरामी बिदा लिंदा प्रत्येक दुई दिन थप बिरामी बिदा बापत एक दिनका दरले घर बिदा कट्टी गरिनेछ ।"

मूल ऐनको दफा ७ पछि थप : मूल ऐनको दफा ७ पछि देहायको दफा ७ क., ७ ख. र ७ ग. थपिएको छः–

"७क. उपचार खर्च : (१) अध्यक्ष वा सदस्य बिरामी भई उपचार गराउँदा लागेको देहायको खर्चको नब्बे प्रतिशत निजले उपचार खर्च बापत पाउनेछः–

(क) अस्पतालमा भर्ना हुँदा वा अस्पतालमा उपचार गराउँदा लागेको अस्पतालको बीलबमोजिम खर्च र अस्पतालको चिकित्सकको प्रेश-क्रिप्शनबमोजिम खरीद गरेको औषधि खर्च ।

(ख) अस्पताल नभएको ठाउँमा वा अस्पताल भए पनि अस्पतालमा भर्ना हुन नपर्ने वा भर्ना हुन नसकेको अवस्थामा भर्ना भई अस्पतालबाट निस्केपछि पनि रोगको उपचारको निमित्त कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कबिराज, वैद्य वा हेल्थ असिष्टेण्टले जाँच गर्दा लिएको फी तथा जाँच गरी लेखी दिएको प्रेसक्रिप्शन अनुसार खरीद गरेको औषधि खर्च ।

(ग) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बीलबमोजिमको खर्च ।

तर साधारणतया अस्पताल भएको ठाउँमा निजी नर्सिङ्ग होममा चिरफार गरेको खर्च भने दिइने छैन ।

(घ) चस्मा, दाँत, एअरफोन, आदि उपकरणको लागि श्री ५ को सरकारले समय समयमा आदेश जारी गरी तोकी दिएको हदसम्मको रकमको लागेको बीलबमोजिमको खर्च ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक पटकमा दुई सय रूपैयाँभन्दा घटी खर्च भएकोमा उपचार खर्च दिइने छैन र ... धि भर अध्यक्ष वा सदस्यले पाउने नौ महीनाको पारिश्रमि...कको काम, कर्तव्य उपचार खर्च दिइनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) नेपाल अधिराज्यभित्र औषधोपचार हुन नसक्ने भनी श्री ५ को सरकारद्वारा नियुक्त चिकित्सकहरूको समितिले सिफारिश गरेको अध्यक्ष वा सदस्यलाई विदेशमा गई उपचार गराउन चाहेमा उप–दफा (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त श्री ५ को सरकारले उचित ठहराएको थप आर्थिक सहायता दिन सक्नेछ ।

(४) यस दफाबमोजिम औषधोपचार गराए बापत पाउने उपचार खर्च लिन नपाउँदै अध्यक्ष वा सदस्यको मृत्यु भएमा दफा ६क. को उप–दफा (१) बमोजिम निबृत्तभरण लिन पाउने ठहरिएको व्यक्तिले त्यस्तो उपचार खर्च लिन पाउने )

७ख. थप सुविधा : (१) भैपरि आउने बिदा बाहेक अन्य कुनै पनि बिदा नलिई तीन वर्ष बिताइसकेको अध्यक्ष वा सदस्यले आफूले पकाएको घर बिदा आफ्नो घर जाँदा र घरबाट फर्कंदा यो ऐनबमोजिम निजले पाउने दैनिक तथा भ्रमण भत्ताको आधाको दरले दैनिक तथा भ्रमण भत्ता पाउनेछ ।

तर परिवारका सदस्यले दैनिक तथा भ्रमण भत्ता पाउने छैन ।

(२) अध्यक्ष वा सदस्यले आफ्नो पदबाट अवकाश प्राप्त गर्दा वा स्वीकृत गराई राजीनामा गर्दा संचित रहेको घर बिदा र बिरामी बिदाको तलव निजले त्यसरी अवकाश प्राप्त गर्दाको बखतमा खाई पाई राखेको तलवको दरले एक मुष्ठ पाउनेछ । बहाल छँदै मृत्यु भएकोमा पनि त्यस्तो तलव निबृत्तभरण वा उपदान पाउने निजको परिवारको सदस्यले पाउनेछ ।

७ग. बाटो म्याद: अध्यक्ष वा सदस्यले घर बिदामा घर जाँदा र घर बिदा भुक्तान गरी घरबाट आयोगमा हाजिर हुन आउँदा वर्षको एक पटक पैदलको बाटोलाई आठ कोशको निमित्त एक दिनको दरले तथा मोटर, रेल हवाईजहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटो म्याद पाउनेछ ।

तर घर बिदामा घर नगई अन्य ठाउँमा जान वा त्यस्तो ठाउँबाट फर्कंदा भने बाटो म्याद दिइने छैन । बाटो म्याद दिंदा सबैभन्दा छिटो साधनद्वारा सबैभन्दा छोटो बाटोको दिइनेछ र आउँदा जाँदा वास्तविक लागेको दिनभन्दा बढी दिइने छैन ।"

लालमोहर सदर मितिः– २०३३।७।४।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

५. मूल ऐनक
उप–दफा (४)
"(४) अध्य

८०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. ३६

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "स्टाण्डर्ड नाप र तौल (पहिलो संशोधन) ऐन, २०३३" रहेको छ ।

(२) यस ऐनको दफा ३, ८ र ११ श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि तोकेको इलाकामा तोकेको कारोवार वा मालसामानको सम्बन्धमा प्रारम्भ हुनेछन् र अरू दफाहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा २ मा संशोधन: स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (ख) झिकिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ट) पछि देहायको खण्ड (ट१), (ट२) र (ट३) थपिएका छन्:–

"(ट१) "नाप तौलको साधारण सभा" भन्नाले कन्भेन्शन ड्यु मिटरअन्तर्गत स्थापना भएको कन्फरेन्स जनरल डे प्वाइड्स ए मेजर्स सम्झनुपर्छ।

(ट२) "नाप तौलको अन्तर्राष्ट्रिय कार्यालय" भन्नाले कन्भेन्शन ड्यु मिटरअन्तर्गत स्थापना भएको ब्यूरो इन्टरनेशनल डे प्वाइड्स ए मेजर्स सम्झनुपर्छ।

(ट३) "कानूनी नाप तौल विज्ञानको अन्तर्राष्ट्रिय संस्था" भन्नाले कन्भेन्शन इन्स्टिच्यूयण्ट यून अर्गनाइजेशन इन्टरनेशनल डे मेट्रोलोजी लिगल अन्तर्गत स्थापना भएको अर्गनाइजेशन इन्टरनेशनल डे मेट्रोलोजी सम्झनुपर्छ।"

३. मूल ऐनमा २ क. थप: मूल ऐनको दफा २ पछि परिच्छेद २ मा देहायको दफा २ क. थपिएको छ:–

"२क. नाप तौलका इकाईहरू: (१) नाप तौलका प्रत्येक इकाईहरू मेट्रिक प्रणालीमा आधारित हुनेछन्।

(२) उप-दफा (१) को प्रयोजनको निमित्त–

(क) नाप तौलको साधारण सभाले सिफारिश गरेको अन्तर्राष्ट्रिय प्रणालीका इकाईहरू, र

(ख) कानूनी नाप तौल विज्ञानको अन्तर्राष्ट्रिय संस्थाले सिफारिश गर्ने अरू अतिरिक्त इकाईहरू, मेट्रिक प्रणालीका इकाईहरू हुनेछन्।

४. मूल ऐनको दफा ३ मा संशोधन: मूल ऐनको दफा ३ को उप-दफा (१) पछि देहायको उप-दफा (१क) थपिएको छ:–

"(१क) "मिटर" भन्नाले शून्य (भेक्यूम) मा क्रिप्टन आइसोटोप एच. ८६ को २ पी १० र ५ डी ५ सतहहरूको बीचको परिवर्तन (ट्रान्जिशन) सूचक विकिरण (रेडिएशन) को तरङ्गको १६ ५० ७६३.७३ गुणा बराबरको फासलालाई जनाउँछ।"

५. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को उप-दफा (२) को सट्टा देहायको उप–दफा (२) राखिएको छ:–

"(२) सिजियम एच.– १३३ परमाणुको भौतिक अवस्था (ग्राउण्ड स्टेट) को दुई अति मिहीन सतह (हाइपर फाइन लेवल) बीचको स्थितिको अन्तरमा हुने विकिरण (रेडिएशन) को ९ १९२ ६३१ ७७० गुणा समयावधिलाई सम्झनुपर्छ।"

६. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"७. तापक्रमको नापः (१) थर्मोडाइनामिक तापक्रम (थर्मोडाइनामिक टेम्परेचर) को मूल इकाई एक केलभिन हुनेछ ।

(२) "केलभिन" भन्नाले थर्मोडाइनामिक तापक्रममा पानीको त्रिविन्दु (ट्रिपल प्वाइण्ट अफ वाटर) को १/२७३.१६ लाई जनाउँछ ।

(३) केलभिन तापक्रमको अन्तर जनाउनेमा समेत प्रयोग गरिनेछ ।

(४) तापक्रमको अन्तर्राष्ट्रिय व्यवहारिक स्केलको सेल्सीयस डिग्री, जसको बराबर २७३.१५ केलभिन हुन्छ, केलभिन बराबर हुन्छ ।

(५) सेल्सीयस डिग्रीलाई तापक्रमको अन्तर जनाउनेमा समेत प्रयोग गर्न सकिनेछ ।"

७. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को उप–दफा (२) को सट्टा देहायको उप–दफा (२) राखिएको छः–

"(२) "क्याण्डेला" भन्नाले प्रत्येक वर्गमीटर १०१३२५ न्यूटन चापमा प्लाटिनम जम्ने तापक्रममा कृष्णपिण्ड (ब्लाक बडी) को १/६००००० वर्गमीटर सतहको लम्ब दिशाको प्रकाश तीब्रता (लुमिनस इन्टेन्सिटी) लाई जनाउँदछ ।"

८. मूल ऐनमा दफा ८ पछि थपः मूल ऐनको दफा ८ पछि देहायको दफा ८क., ८ख., ८ग. र ८घ. थपिएका छन्ः–

"८क. मोलः (१) वस्तुको परिमाणको मूल इकाई मोल हुनेछ ।

(२) "मोल" भन्नाले कार्बोन १२ को ०.०१२ किलोग्राममा जति परमाणु (एटम) छन् त्यत्तिकै मौलिक सत्वहरू (इलिमेण्टरी इन्टिटिज) भएको पद्धतिको परिमाणलाई जनाउँछ ।

स्पष्टीकरण : मोलको जब प्रयोग हुन्छ मौलिक सत्वहरू (इलिमेण्टरी इन्टिटिज) को राम्रो उल्लेख हुनुपर्छ र यो परमाणु, अणु, विद्युत्शक्तियुक्त परमाणु (आयन्स), इलेक्ट्रन, अरू कणहरू वा त्यस्तो तोकिएको कणको समूह हुन सक्छ ।

८ख. नाप तौलका अरू इकाईहरू तोक्नेः (१) नाप तौलको साधारण सभा र कानूनी नाप तौल विज्ञानको अन्तर्राष्ट्रिय संस्थाले सिफारिश गरेको नाप तौलको मूल इकाईहरूसंग सम्बन्धित पूरक (सप्लिमेण्टरी), उदभूत (डिराइभ्ड) वा अरू इकाईहरू वा स्टाण्डर्ड प्रतिरूप वा परिभाषाहरू तोकिएबमोजिम हुनेछन् ।

स्पष्टीकरणः "उदभूत इकाईहरू (डिराइभ्ड युनिटहरू)" भन्नाले मूल वा पूरक इकाईबाट वा दुबै इकाईबाट निकालिएको इकाईलाई जनाउँछ ।

(२) नाप तौलको साधारण सभा वा कानूनी नाप तौल विज्ञानको अन्तर्राष्ट्रिय संस्थाले सिफारिश गरेको नाप वा तौलको इकाईहरूसंग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित अपवर्त्य (मल्टिपल्स), अपवर्त (सब्मल्टिपल्स), प्राकृतिक स्थिर (फिजिकल कन्सटैन्ट) र अनुपात गुणक (रेशियो अफ को-इफिसेन्सी) तोकिएबमोजिम हुनेछन् ।

(३) नाप तौलको साधारण सभा वा कानूनी नाप तौल विज्ञानको अन्तर्राष्ट्रिय संस्थाले सिफारिश गरे अनुसारको नाप र तौलका विशेष इकाईहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक अवधिको लागि तोक्न सक्नेछ

८ग. अन्तर्राष्ट्रिय इकाईहरू नेपाली अंकमा रहने: (१) गणनाको मूल इकाई अन्तर्राष्ट्रिय इकाईको आधारमा नेपाली अंकहरू हुनेछ ।

(२) प्रत्येक गणना दशमलव प्रणालीमा हुनेछ ।

(३) गणनाको दशमलव अपवर्त्य (मल्टिपल्स) र अपवर्त (सबमल्टिपल्स) तोकिएको संज्ञा तथा तरिका अनुसार लेखिनेछ ।

८घ. स्टाण्डर्ड इकाईहरू: दफा ३,४,५,६,७,८ र ८क. मा तोकिएको नाप वा तौलको मूल इकाईहरू र दफा ८ख. अन्तर्गत तोकिएबमोजिमको पूरक तथा अरू इकाईहरू नाप वा तौलका स्टाण्डर्ड इकाईहरू हुनेछन् ।"

९. मूल ऐनको दफा २९ मा संशोधन: मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छ:–

"२९. पुनरावेदन: (१) उप-दफा (२) मा लेखिएदेखि बाहेक निरीक्षकले यस ऐनबमोजिम गरेको निर्णयउपर पैंतीस दिनभित्र नियन्त्रकसमक्ष पुनरावेदन लाग्नेछ र यस्तोमा नियन्त्रकको निर्णय अन्तिम हुनेछ ।

(२) दफा ३० को उप-दफा (१) अन्तर्गत निरीक्षकले गरेको सजायको आदेशउपर पैंतीस दिनभित्र अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ ।"

१०. मूल ऐनको दफा ३० मा संशोधन: मूल ऐनको दफा ३० को,–

(१) उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छ:–

"(१) कसैले दफा २० को उपदफा (१), दफा २१, २३, २५, २६ वा २७ को वखिलाप कसैले कुनै काम गरेमा वा गर्न उद्योग गरेमा वा सो गर्न अरू कसैलाई दुरूत्साहन दिएमा वा यो ऐनअन्तर्गत निरीक्षकले आफ्नो कर्तव्यपालनको सिलसिलामा कुनै काम गर्दा त्यसमा बाधा पुऱ्याइदिएमा वा कुनै वस्तुको नाप वा तौलको आधारमा बिक्री वा कारोबार गर्दा जुन नाप वा तौलको परिमाणमा खरीद बिक्री वा कारोबार गरिएको हो सोनाप वा तौलले निश्चित गरेको परिमाणभन्दा घटी-बढी गरी लिए लिन लगाए वा दिए दिलाएमा निजलाई निरीक्षकले बढीमा एक हजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (२) झिकिएको छ ।"

११. मूल ऐनमा दफा ३३क. थपः मूल ऐनको दफा ३३पछि देहायको दफा ३३क. थपिएको छः–

"३३क. मुद्दाको तहकिकात र दायरीः (१) दफा ३० को उप–दफा (३) बमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दाको तहकिकात निरीक्षकले गर्नेछ र यस्तो तहकिकातको काम पूरा गरी निजले जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ ।

(२) उप–दफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा निरीक्षकले सरकारी वकीलको राय लिन सक्नेछ ।"

१२. खारेजीः मूल ऐनको दफा ९,१०,११,१२ र १३ खारेज गरिएका छन् ।

लालमोहर सदर मितिः– २०३३।७।४।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।